# रैनादेवी छहरा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
छहरा पाल्पा।

## Backhoe Loader भाडामा लिने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति:२०८२/०४/०५

यस गाउँपालिका भित्र वर्षादको समयमा बिग्रिएका सडकहरु सोरसार गर्न दुई महिनासम्मको लागि डोजर भाडामा लिनुपर्ने भएकोले इच्छुक फर्म वा व्यवसायीहरुले निम्न शर्तको अधिनमा रहि रीतपूर्वक तपशिलका कागजातहरु संलग्न गरि सिलबन्दी दररेट पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

| क्र.स. | मेसिनको नाम | अधिकतमप्रति कार्यघण्टा दरभ्याट सहित(बकेट लोडर , डिजेल , अन्य इन्धन, लुब्रिकेन्ट, सम्पूर्ण मर्मत सम्भार खर्च र चालक सहचालक भत्ता (खाना ,खाजा र आवास सहित) | कैफियत |
|---|---|---|---|
| १ | BackHoe Loader | रु. २४६८.७० | |

- मिति २०८२/०४/१९गते कार्यालय समयभित्र सम्बन्धित व्यवसायीले आफ्नो कागजातको प्रमाणित प्रतिलिपि संलग्न गरि यस कार्यालयबाट फिर्ता नहुने रकम रु. १,०००.००(रु. एक हजार) राजस्व बुझाई सिलबन्दी दररेट फारम खरिद गर्नुपर्नेछ वा विद्युतीय माध्यमबाट https//:sutrarevenue.fcgo.gov.np बाट देहाय बमोजिमको शिर्षकमा भुक्तानी गर्न सकिनेछ।
  बैंक को नाम: Citizens Bank International Ltd.,(Chhahara Branch, Palpa)
  खाताको नाम : RainadeviChhahara ga.paga-1.1 AntarikRajaswaKhata
  खाता नं: ०६००१०००००११२०२ राजस्व शिर्षक नं. :१४२२९(anyaprasasaniksewasulka)
- इच्छुक फर्म वा व्यवसायीले उक्त सिलबन्दी दररेट फारम मिति २०८२/०४/२० गते विहान १२:०० बजे भित्र यस गाउँपालिकामा दर्ता गरिसक्नु पर्नेछ। उक्त सिलवन्दी दररेट फारम सोहि दिन दिउसो १:०० बजे खोलिनेछ।
- सिलबन्दी दररेट पत्र दर्ता गर्ने वा खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा कार्यालय खुलेको दिन सोहि समयमा दर्ता वा खोलिनेछ।
- एक पटक पेश भएको सिलबन्दी दररेट फिर्ता वा संशोधन गर्न सकिने छैन।
- मेसिन भाडामा उपलब्ध गराउदा मेसिनको क्षमता अनिवार्य रुपमा उल्लेख गरेको हुनुपर्नेछ।
- मेसिनले गाउँपालिकाको क्षेत्रभित्रका बाटोहरुको पहिरो हटाउने तथा मर्मत सम्भार कार्य गर्नुपर्नेछ। साथै गाउँपालिकाको लिखित निर्देशन अनुसार अन्य कार्यमा लगाउन सकिनेछ।
- मेसिनको सम्पूर्ण मर्मत सम्भारको जिम्मा स्वयम व्यवसायीको हुनेछ।
- मेसिन मर्मत गर्नुपर्ने भै एक दिन सम्म काम गर्न नसकेमा सो दिनको कार्य अर्को दिन गर्नुपर्नेछ। लगातार दुई दिन भन्दा बढी समयसम्म मेसिन संचालनमा आउन नसकेमा व्यवसायीले उस्तै क्षमताको अर्को मेसिनको व्यवस्था गरि कार्य सम्पन्न गर्नु पर्नेछ। तर लगातार दुई दिन भन्दा बढी समयसम्म मेसिन संचालनमा आउन नसकेमा र व्यवसायीले उस्तै क्षमताको अर्को मेसिनको व्यवस्था नगरेमा सोहि अवधिको रकम कट्टा गरि भुक्तानी गरिनेछ।
- दरभाउपत्रमा अनिवार्य पेश गर्नुपर्ने कागजातहरू पेश गरेका दरभाउपत्रहरु मध्ये सबैभन्दा कम कबोलदरलाई सफल व्यवसायी मानिनेछ।
- यस सूचना बमोजिम सफल हुने व्यवसायीले गाउँपालिकाको प्रचलित कानुन बमोजिम मेसिन सुचिकृत गरि सम्झौता बमोजिमको कार्य आरम्भ गर्नुपर्नेछ।
- माथि जुनसुकै कुरा लेखिएको भएतापनि सम्झौता अवधिमा जम्मा रु दश लाख रुपैया भन्दा बढी नहुने गरि कार्य सम्पन्न गर्नुपर्नेछ।
- माथि उल्लेख भएकोमा सूचना अनुसार र अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम हुनेछ। थप जानकारीको लागि कार्यालयको वेबसाइट www.rainadevichhaharamun.gov.np हेर्न सकिने छ।
- दरभाउपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ।

**दरभाउपत्रका साथ अनिवार्य पेश गर्नुपर्ने कागजातहरू**

- अध्यावधिक फर्म वा कम्पनी दर्ता प्रमाणपत्र र २०८०/८१ कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।
- मेसिनको अध्यावधिक सवारीधनी दर्ता प्रमाणपत्र (ब्लुबुक), मेसिनको लिज सम्झौता भए सोको प्रतिलिपि।
- मेसिनको हालको अवस्थामा प्रयोग गर्न योग्य रहेको भनि नेपाल इन्जिनियरिङ परिषदमा दर्ता मेकानिकल इन्जिनियरबाट प्रमाणित पत्र।
- मेसिनको लिज सम्झौता भए सोको प्रतिलिपि।
- व्यवसायीले कबोल गरेको दररेट सहितको निवेदन।
- तोकिएको राजस्व तिरेको भौचर।
- तेस्रो पक्ष बिमाको प्रमाणित कागजातहरुको प्रतिलिपि।
- सवारी चालकको अनुमतिपत्र र नागरिकताको प्रतिलिपि।
- यस पालिकाबाट खरिद गरी व्यवसायीले हस्ताक्षर सिलबन्दी दरभाउ फारम प्रमाणित सक्कल प्रति।

**प्रमुख प्रशासकीय अधिकृत**